# कामना सेवा विकास बैंक लि.
# Kamana Sewa Bikas Bank Ltd.

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त राष्ट्रियस्तरको विकास बैंक)

**केन्द्रीय कार्यालयः** पोखरा लेखनाथ-८, सृजनाचोक, कास्की

फोन : ०६१-५३९६७२, ५३९६७३ फ्याक्स : ०६१-५३७४९९


## सुरक्षा गार्ड आपूर्ति सम्बन्धी गोप्य सिलबन्दी बोलपत्र आव्हानको सूचना

प्रथमपटक सूचना प्रकाशित मिति : २०७४/०९/०६

यस कामना सेवा विकास बैंक लिमिटेडलाई सुरक्षा गार्ड आपूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाल सरकारबाट मान्यताप्राप्त, कालोसूचीमा नपरेका बैंक तथा वित्तीय संस्थाहरुमा सुरक्षा गार्ड आपूर्ति गर्दै आएका अनुभवी फर्म/कम्पनीले यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र कार्यालय समयमा तपसीलमा उल्लेख भए बमोजिमका शर्तहरु पालना गर्ने गरी रीतपूर्वकको गोप्य सिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु :**

१. बोलपत्र फारम रु.१,०००/- (अक्षरेपी एक हजार मात्र) बुझाई (पछि फिर्ता नहुने गरी) यस बैंकको पोखरा लेखनाथ-०८, सृजनाचोक स्थित केन्द्रीय कार्यालयबाट कार्यालय समयभित्र खरिद गर्न सकिनेछ।

२. खरिद भएका बोलपत्रहरु २०७४ पौष २१ गते कार्यालय समयभित्र आवश्यक सम्पूर्ण कागजात संलग्न गरी सिलबन्दी गरी पेश गर्नुपर्नेछ। साथै पेश गरेको गोप्य सिलबन्दी बोलपत्रको खामको बाहिर फर्म/कम्पनीको नाम र ठेगाना र सम्पर्क नम्बर स्पष्ट लेखिएको हुनुपर्नेछ।

३. सुरक्षा गार्डहरु भूतपूर्व सैनिक, प्रहरी वा सशस्त्र प्रहरी सेवाबाट अवकाशप्राप्त वा उपदानमा निस्केका शारीरिक रुपमा तन्दुरुस्त, योग्य, अनुशासित र ५५ वर्ष उमेर ननाघेका हुनुपर्नेछ।

४. हाललाई केन्द्रीय कार्यालय र ४० वटा शाखा कार्यालयको लागि कम्तिमा २ वर्ष अवधिको लागि सुरक्षा गार्ड उपलब्ध गराउनु पर्नेछ। पछि शाखा कार्यालय थप हुँदै जाँदा आवश्यकता अनुसार थप सुरक्षा गार्ड उपलब्ध गराउनु पर्नेछ।

५. बोलपत्र पेश गर्ने फर्म/कम्पनीको समग्र अवस्था हेरी सबैभन्दा कम दरभाउ पेश गर्ने बढीमा ३ वटा कम्पनीलाई सुरक्षा गार्ड आपूर्तिको लागि स्वीकृति दिन सकिनेछ। बोलपत्र सबै वा निश्चित शाखा तोकेर समेत पेश गर्न सकिनेछ।

६. सिलबन्दी बोलपत्र फारममा दरभाउ पेश गर्दा नेपाल सरकारलाई बुझाउनु पर्ने करसहित प्रति महिनाको दरभाउ तोकी आफुले के-कति रकममा सुरक्षा गार्ड उपलब्ध गराउन सक्ने हो सोको अंक र अक्षर दुवैमा स्पष्ट बुझिने गरी लेख्नु पर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएको दरभाउ मान्य हुनेछ र केरमेट भएको ठाउँमा सहिछाप गरेको हुनुपर्नेछ। साथै दरभाउ पेश गर्दा सुरक्षा गार्डले ८ घण्टामा पाउने पारिश्रमिक श्रम ऐन, २०७४ को दफा ३४ (२) मा भएको व्यवस्थाअनुसार तोकिए भन्दा कम नहुने गरि पेश गर्नुपर्ने छ।

७. बोलपत्र फारमसाथ आफुले कबुल गरेको वार्षिक रकमको ५ (पाँच) प्रतिशतले हुन आउने रकम यस बैंकमा नगदै जम्मा गर्नुपर्नेछ वा बैंक हिताधिकारी हुने गरी सो बराबरको बैंक ग्यारेन्टी (बिड वण्ड) पेश गर्नुपर्नेछ।

८. सुरक्षा गार्डको पोशाक तथा बीमाको प्रबन्ध स्वयम बोलपत्रदाता फर्म/कम्पनीले नै गर्नुपर्नेछ।

९. बोलपत्रसाथ निम्न बमोजिमका कागजात संलग्न गर्नुपर्नेछ।

- फर्म/कम्पनीका प्रो./साझेदार/संस्थापक वा अख्तियारप्राप्त व्यक्तिको नागरिकताको प्रमाणित प्रतिलिपि कम्पनीको प्रबन्धपत्र/नियमावली, निर्णय उतार प्रतिलिपि र अख्तियारनामा
- अद्यावधिक फर्म/कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि
- स्थायी लेखानम्बर/मूल्य अभिवृद्धि कर (VAT) दर्ताको प्रमाणपत्रको प्रतिलिपि
- विगत आ.व.को करचूक्ता प्रमाणपत्रको प्रतिलिपि
- फर्म/कम्पनीको संक्षिप्त परिचय तथा फर्म/कम्पनीले विभिन्न संस्थाहरुमा सुरक्षा गार्ड आपूर्ति गराएको सम्बन्धी विस्तृत विवरण
- नेपाल सरकारको अन्य निकायबाट थप स्वीकृति लिनुपर्ने भएमा सो समेत

१०. रीत नपुगेको तथा म्याद गुजारी आएका बोलपत्रउपर कुनै कारबाही हुनेछैन।

११. सिलबन्दी बोलपत्र, बोलपत्र आव्हान सम्बन्धी सूचनामा उल्लेखित म्याद समाप्त भएको भोलिपल्ट अर्थात मिति २०७४ साल पौष २१ गते (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात् कार्यालय खुलेको दिन) दिनको १:०० बजे बोलपत्रवाला वा निजहरुको प्रतिनिधिको रोहबरमा बैंकको केन्द्रीय कार्यालय, पोखरा लेखनाथ-०८, सृजनाचोकमा खोलिनेछ। तर बोलपत्रवाला वा निजहरुको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

१२. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।

१३. अन्य जानकारीको लागि बैंकको पोखरा लेखनाथ-०८, सृजनाचोक स्थित केन्द्रीय कार्यालयमा, कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।